# एलपिजि डिस्ट्रिब्युटर नियुक्तिको निम्ति सुचना

**इण्डियन आयल कर्पोरेशन लि. (आइओसिएल), भारत पेट्रोलियम कर्पोरेशन लि. (बिपिसिएल)** एवं **हिन्दुस्तान पेट्रोलियम कर्पोरेशन लि. (एइपिसिएल)** सिक्किमको निम्न उल्लेखित स्थानहरुमा विभिन्न श्रेणी अन्तर्गतका उम्मेदवारहरु प्रति विभिन्न एलपीजी डिस्ट्रिब्युटर नियुक्तिको निम्ति प्रस्ताव गर्दछ।

| क्र. सं. | आयल कम्पनि | स्थान (लागू हुने स्थानको विस्तारित विवरण) | गाउँ पञ्चायत | ब्लक | जिल्ला | श्रेणी** | बजारको प्रकार/ एलपीजी डिस्ट्रिब्युशन – रखान/ ग्रामीण / दुर्गम क्षेत्रीय वितरक | जमानत रकम (परिमाण लाखमा) | मार्केटिङ प्लान |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आइओसि | पश्चिम पेनदम | पश्चिम पेनदम | दुगा | पूर्व सिक्किम | ओपेन | डिकेभि | ४ | २०१७–१८ |
| २ | आइओसि | राँका | राँका | राँका | पूर्व सिक्किम | एसटि | डिकेभि | २ | २०१७–१८ |
| ३ | आइओसि | चुङथाङ | चुङथाङ | चुङथाङ | उत्तर सिक्किम | ओपेन (डब्लु) | डिकेभि | ४ | २०१७–१८ |
| ४ | आइओसि | मल्ली | मल्लीडाँड़ा–पैंयु | मल्ली–सुमबुक | दक्षिण सिक्किम | एसटि | डिकेभि | २ | २०१७–१८ |
| ५ | आइओसि | याङ्याङ | याङगाङ–राङगाङ | राभोङ | दक्षिण सिक्किम | ओपेन (डब्लु) | डिकेभि | ४ | २०१७–१८ |
| ६ | आइओसि | टाशीडिङ | टाशीडिङ | आरिथाङ–चोङग्राङ | पश्चिम सिक्किम | ओपेन | डिकेभि | ४ | २०१७–१८ |
| ७ | आइओसि | कालुक | साङदोर्जी | कालुक | पश्चिम सिक्किम | ओबिसि | डिकेभि | ३ | २०१७–१८ |
| ८ | आइओसि | योकसम | योकसम | योकसम | पश्चिम सिक्किम | ओपेन (जिपि) | डिकेभि | ४ | २०१७–१८ |
| ९ | एइचपिसि | रिनाक | रिनाक | रिनाक | पूर्व सिक्किम | ओपेन | डिकेभि | ४ | २०१७–१८ |
| १० | एइचपिसि | जङगु | पासिङदङ–सोफू | पासिङदङ | उत्तर सिक्किम | ओबिसि (डब्लु) | डिकेभि | ३ | २०१७–१८ |
| ११ | एइचपिसि | दरामदिन | लोअर फामबोङ | दरामदिन | पश्चिम सिक्किम | एससि (डब्लु) | डिकेभि | २ | २०१७–१८ |
| १२ | बिपिसि | दिक्चु | राकदोङ–तिनतेक | राकदोङ–तिनतेक | पूर्व सिक्किम | ओबिसि | डिकेभि | ३ | २०१७–१८ |
| १३ | बिपिसि | नामथाङ | नामथाङ मानेदारा | नामथाङ | दक्षिण सिक्किम | ओपेन | डिकेभि | ४ | २०१७–१८ |
| १४ | बिपिसि | तार्कु | तार्कु | तिमीतार्कू | दक्षिण सिक्किम | ओबिसि | डिकेभि | ३ | २०१७–१८ |
| १५ | आइओसि | पाकयङ | पाकयङ | पाकयङ | पूर्व सिक्किम | ओपेन | ग्रामीण | ४ | २०१७–१८ |
| १६ | आइओसि | सिङताम | सिङताम नगर पञ्चायत | खामदोङ | पूर्व सिक्किम | एसटि | ग्रामीण | २ | २०१७–१८ |
| १७ | एइचपिसि | राभाङला | राभाङ–साङमो | राभाङ | दक्षिण सिक्किम | ओपेन | ग्रामीण | ४ | २०१७–१८ |
| १८ | बिपिसि | रंगेली | रंगेली चङगेलाखा | रेगो | पूर्व सिक्किम | ओबिसि | ग्रामीण | ३ | २०१७–१८ |

**व्यवहार गरिएका परिभाषाहरुको अर्थ निम्नप्रकार छन् –

**ओपेन** – खुल्ला विभाग; **एससि/एसटि** – जनजाति/जनजाति उपजाति विभाग; **ओबिसि** – अन्य पिछड़िएका वर्ग विभाग; **एससि/एसटि (जिपि)** – प्रतिरक्षा कर्मचारी, केन्द्र/राज्य सरकारी कर्मचारी एवं केन्द्र/राज्य सरकारद्वारा अधिगृहीत संसंस्थाका कर्मचारी जो जनजाति/जनजाति उपजाति विभाग अन्तर्गत पर्दछन्, तिनीहरुलाई लिएर गठित सरकारी कर्मचारीवर्ग; **ओबिसि (जिपि)** – प्रतिरक्षा कर्मचारी, केन्द्र/राज्य सरकारी कर्मचारी एवं केन्द्र/राज्य सरकारद्वारा अधिगृहीत संसंस्थाका कर्मचारी जो अन्य पिछड़िएका वर्ग अन्तर्गत पर्दछन्, तिनीहरुलाई लिएर गठित सरकारी कर्मचारीवर्ग; **ओपेन (जिपि)** – प्रतिरक्षा कर्मचारी, केन्द्र/राज्य सरकारी कर्मचारी एवं केन्द्र/राज्य सरकारद्वारा अधिगृहीत संसंस्थाका कर्मचारी जो खुल्ला विभाग अन्तर्गत पर्दछन्, तिनीहरुलाई लिएर गठित सरकारी कर्मचारीवर्ग; **एससि/एसटि (पिएइच)** – जनजाति/जनजाति उपजाति विभाग अन्तर्गतको शारीरिक सप्रतिबंधित कर्मचारीहरुलाई लिएर गठित शारीरिक सप्रतिबंधित कर्मचारी विभाग; **ओबिसि (पिएइच)** – अन्य पिछड़िएको वर्ग विभाग अन्तर्गतको शारीरिक सप्रतिबंधित कर्मचारीहरुलाई लिएर गठित शारीरिक सप्रतिबंधित कर्मचारी विभाग; **ओपेन (पिएइच)** – खुल्ला विभाग अन्तर्गतको शारीरिक सप्रतिबंधित कर्मचारीहरुलाई लिएर गठित शारीरिक सप्रतिबंधित कर्मचारी विभाग; **ओपेन सिसि** – खुल्ला विभाग अन्तर्गतको विशिष्ट क्रीड़ा व्यक्तित्व एवं स्वतंत्रता सेनानीहरुलाई लिएर गठित संयुक्त विभाग; **एससि/एसटि (डब्लु)** – जनजाति/जनजाति उपजाति विभाग अन्तर्गतको महिलाहरुलाई लिएर गठित महिला विभाग; **ओबिसि (डब्लु)** – अन्य पिछड़िएको वर्ग अन्तर्गतको महिलाहरुलाई लिएर गठित महिला विभाग; **ओपेन (डब्लु)** – खुल्ला विभाग अन्तर्गतको महिलाहरुलाई लिएर गठित महिला विभाग।

१। योग्यताको शर्तावली, एलपीजी गोडाउनको निम्ति जमीन/एलपीजी गोडाउन, शोरुमको निम्ति जमीन/तैयार शोरुमको भौतिक संरचनाको निम्ति आवश्यक शर्तावली, सिलिण्डर घर–घरमा पुऱ्याउँने भौतिक संरचना इत्यादिको बारेमा विस्तारित निर्देशावली एवं छनोट प्रक्रियाको विस्तारित विवरण ब्रोशिओरमा उल्लेख छ जुन आइओसिएल, बिपिसिएल एवं एइचपिसिएलको वेबसाइट क्रमशः **www.iocl.com, www.ebharatgas.com, www.bharatpetroleumin** एवं **www.hindustanpetroleum.com** इत्यादि मध्ये कुनै पनि एउटा तेल कम्पनिको वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ। उक्त ब्रोशिओर **www.lpgvitarakchayan.in** वेबसाइटबाट पनि डाउनलोड गर्न सकिन्छ।

२। योग्यताको शर्तावली पुरा गरेका एवं शेहेरि वितरक, रखान वितरक, ग्रामीण वितरक एवं दुर्गम क्षेत्रीय वितरक छनोटको निम्ति इच्छुक व्यक्तिहरुले **www.lpgvitarakchayan.in** वेबसाइट लगअन गरेर आफुलाई वेबसाइटमा रजिस्टर गर्नुपर्छ। रजिस्टर भएपछि तिनीहरुले एकाउंट लगइन गरेर सबै विषयहरुको निम्ति आवश्यक विवरणहरु स्पष्ट रूपमा भर्नु पर्छ एवं मिती ०३.१०.२०१७ बेलुका ५.०० बजे वा त्यस भन्दा पहिले निवेदन फारम अनलाइनमा दाखिल गर्नुपर्छ। निवेदन फारम दाखिल गर्नु भन्दा पहिले निवेदकले आफ्नो पासपोर्ट साइजको स्क्यान गरेको फोटोग्राफ एवं हस्ताक्षरको प्रतिलिपि छुट्टाछुट्टै फाइलमा अपलोड गर्नुपर्छ साथै वेबसाइट **www.lpgvitarakchayan.in**–मा उपलब्ध इन्टरनेट बैंकिङ/डेबिट कार्ड/क्रेडिट कार्ड मध्ये सुविधायुक्त माध्यममा निवेदनको निम्ति फिर्ता नहुने गरि उचित निवेदन शुल्क दाखिल गर्नुपर्छ। शेहेरि वितरक, रखान वितरक, ग्रामीण वितरक एवं दुर्गम क्षेत्रीय वितरकको निम्ति उचित फिर्ता नहुने निवेदन शुल्क तल १ एवं २ नं. टेबुलमा दिइएको छ :

**टेबुल १ – शेहेरि वितरक एवं रखान वितरक स्थानको फिर्ता नहुने निवेदन शुल्क**

| विभाग | फिर्ता नहुने निवेदन शुल्क |
|---|---|
| ओपेन | रु. १०,००० (दश हजार रुपियाँ मात्र)** |
| ओबिसि | रु. ५,००० (पाँच हजार रुपिया मात्र) |
| एससि/एसटि | रु. ३,००० (तिन हजार रुपियाँ मात्र) |

**विज्ञापन/सुचनामा उल्लेखित **शेहेरि वितरक एवं रखान वितरक** अन्तर्गत ओपेन विभागको निम्ति एससि/एसटि उम्मेदवारहरुले फारम भर्न चाहेमा फिर्ता नहुने गरि निवेदन शुल्क रु. ३,००० (तिन हजार रुपियाँ मात्र) दाखिल गर्नुपर्छ। तर जुन उम्मेदवारहरु ओबिसि वर्ग अन्तर्गतको भएर पनि ओपेन विभागको स्थानहरुको निम्ति निवेदन गर्न चाहन्छन् तिनीहरुले 'ओपेन' उम्मेदवारहरुको निम्ति तोकिएको निवेदन शुल्क दाखिल गर्नुपर्छ।

**टेबुल २ – ग्रामीण वितरक एवं दुर्गम क्षेत्रीय वितरक स्थानको फिर्ता नहुने निवेदन शुल्क**

| विभाग | फिर्ता नहुने निवेदन शुल्क |
|---|---|
| ओपेन | रु. ८,००० (आठ हजार रुपियाँ मात्र)** |
| ओबिसि | रु. ४,००० (चार हजार रुपिया मात्र) |
| एससि/एसटि | रु. २,५०० (दुई हजार पाँच सय रुपियाँ मात्र) |

**ओपेन विभागमा **ग्रामीण वितरक एवं दुर्गम क्षेत्रीय वितरक** स्थानको निम्ति एससि/एसटि वर्गको उम्मेदवारहरुले फारम भर्न चाहेमा फिर्ता नहुने गरि निवेदन शुल्क रु. २,५०० (दुई हजार पाँच सय रुपियाँ मात्र) दाखिल गर्नुपर्छ। तर जुन उम्मेदवारहरु ओबिसि वर्ग अन्तर्गतको भएर पनि ओपेन विभागको स्थानहरुको निम्ति निवेदन गर्न चाहन्छन् तिनीहरुले 'ओपेन' उम्मेदवारहरुको निम्ति तोकिएको निवेदन शुल्क दाखिल गर्नुपर्छ।

३। विस्तारित विवरणको निम्ति उम्मेदवारहरुलाई ब्रोशिओर हेर्न अनुरोध गरिन्छ। निवेदन फारम भर्ने पद्धतिको विषयमा उम्मेदवारहरुलाई अनलाइनमा निवेदन फारम भर्नु भन्दा पहिले **www.lpgvitarakchayan.in** पोर्टलमा उपलब्ध 'उम्मेदवारहरुको निम्ति म्यानुअल – एलपीजी वितरक चयन' ध्यानपूर्वक पढ़न अनुरोध गरिन्छ।

४। अनलाइनमा निवेदन फारम दाखिल गरेपछि यदि कुनै कागजात वा निवेदन फारमको मुद्रित प्रतिलिपि नमागेमा कुनै अफिसमा गएर हातैहात जम्मा गर्नु पर्दैन। पछिल्लो समय चिठ्ठाको माध्यममा उम्मेदवार छनोट भएमा योग्यता प्रमाणीकरणको बेला उक्त उम्मेदवारले निर्धारित योग्यताको प्रमाणपत्रहरु दाखिल गर्नुपर्छ। प्रतिरक्षा कर्मचारी विभागको निम्ति उम्मेदवारहरुले योग्यता प्रमाणीकरणको बेला डिरेक्टरेट जेनरल रिसेटलमेन्ट (डिजिआर)–बाट प्राप्त योग्यता प्रमाणपत्रको सक्कली कपि दाखिल गर्नुपर्छ। विस्तारित जानकारीको निम्ति ब्रोशिओर हेर्न अनुरोध गरिन्छ।

५। **साधारण शर्तावली**

(क) कुनै कारण निर्देश बेगर नै निज इच्छा बमोजिम यो विज्ञापन रद्द/फिर्ता/संशोधन वा निवेदन फारम दाखिल गर्ने अन्तिम मिती बढ़ाउँने सम्पूर्ण अधिकार इण्डियन आयल कर्पोरेशन लि., भारत पेट्रोलियम कर्पोरेशन लि. वा हिन्दुस्तान पेट्रोलियम कर्पोरेशन लि.–मा निहित रहने छ।

(ख) कुनै एक उम्मेदवारले विभिन्न स्थानहरुको निम्ति निवेदन गर्न सक्छ। यस्तो अवस्थामा प्रत्येक स्थानको निम्ति अनलाइनमा छुट्टाछुट्टै निवेदन फारम भर्नु पर्छ साथै प्रत्येक निवेदन फारमको निम्ति फिर्ता नहुने गरि उचित निवेदन शुल्क दाखिल गर्नुपर्छ। निवेदकले कुनै एक स्थानको निम्ति केवल एउटा मात्र फारम भर्न सक्छ।

(ग) निवेदन फारममा वा पछिल्लो समयमा पेश गरेको कुनै कागजातमा निवेदकले योग्यता प्रभावित गर्न सक्छ यस्तो कुनै तथ्य गोप्य राखेको वा गलत तरीकाले पेश गरेको वा कुनै झुठो विवरण दिएको छ भनेर प्रमाणित भएमा कुनै कारण निर्देश बेगर नै निवेदन फारम रद्द गरिने छ साथै यदि निवेदक डिस्ट्रिब्युटरको हैसियतले नियुक्त भई सकेता पनि डिस्ट्रिब्युटरशिप रद्द गरिने छ एवं फिर्ता नहुने गरि दाखिल गरेको शुल्क रकम पनि जफत गरिने छ। यस्तो अवस्थामा निवेदकले डिस्ट्रिब्युटरको सम्बन्धित कम्पनि विरुद्ध कुनै प्रकारको दावी विरोध गर्न सक्दैन।

(घ) यो केवल मात्र एउटा निवेदन हो एवं एलपीजी डिस्ट्रिब्युटरशिप प्रदानको प्रस्ताव होइन।

(ङ) सबै प्रकारको सम्पर्क केवल मात्र **www.lpgvitarakchayan.in** पोर्टलको माध्यममा इ–मेल एवं/अथवा एसएमएस मार्फत निवेदकले रजिस्ट्रि गरेको इ–मेल आइडि वा फोन नम्बरमा गरिने छ।

(च) यो सम्पूर्णतया एउटा व्यापारिक प्रस्ताव हो एवं सम्बन्धित कुनै आयल कम्पनिमा कुनै प्रकारको नोकरीको निवेदन होइन, यसमा साधारण व्यापारिक जोखिमता छ एवं निश्चित फाइदाको आश्वासन छैन।

(छ) अंग्रेजी वा क्षेत्रीय भाषामा प्रकाशित विज्ञापनमा यदि कुनै प्रकारको असंलग्नता देखिएमा क्षेत्रीय भाषामा उल्लेखित निर्देश/तथ्य बहाल रहने छ।

(ज) वेबसाइटमा एवं विज्ञापन/सुचनामा प्रकाशित विवरणमा यदि कुनै प्रकारको असंलग्नता देखिएमा विज्ञापन/सुचनामा प्रकाशित विवरण बहाल रहने छ।

(झ) निवेदकको बैंक एकाउंट/डेबिट कार्ड एकाउंट/क्रेडिट कार्ड एकाउंटबाट यदि कुनै रकम काटेर सम्बन्धित कुनै आयल कम्पनिको बैंक एकाउंटमा स्थानान्तर वा जम्मा भयो भने इण्डियन आयल कर्पोरेशन लि., भारत पेट्रोलियम कर्पोरेशन लि. वा हिन्दुस्तान पेट्रोलियम कर्पोरेशन लि. कुनै अवस्थामा पनि जिम्मेवार हुने छैन।

(ञ) निवेदकले कुनै एक निवेदन फारमको निम्ति बैंक एकाउंट/डेबिट कार्ड एकाउंट/क्रेडिट कार्ड एकाउंटबाट अनलाइनमा कुनै अतिरिक्त रकम जम्मा गरेमा त्यो रकम फिर्ता दिनको निम्ति इण्डियन आयल कर्पोरेशन लि., भारत पेट्रोलियम कर्पोरेशन लि. वा हिन्दुस्तान पेट्रोलियम कर्पोरेशन लि. कुनै अवस्थामा पनि जिम्मेवार हुने छैन।